नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(............................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- ३३०

मिति: २०८१/०५/३१

विषय: विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्वन्धमा ।

श्री भेन्चर ट्रेडिंग एण्ड इन्भेस्टमेन्ट प्रा.लि.,
काठमाडौं, नेपाल।
फो.नं.: ९८४१५७५४२६

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित लोवर रंगगाड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्वन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा मिति २०८१/०५/१९ को विभागीय निर्णयानुसार परामर्शदाताबाट प्रमाणित यथार्थपरक डेस्क अध्ययन प्रतिवेदन र विद्युत नियमावली २०५० बमोजिमको थप धरौटी दस्तुर सात (७) दिनभित्र पेश गर्न र सो समयावधिभित्र विवरण एवम् थप दस्तुर पेश भए पश्चातमात्र प्राप्त दरखास्त उपर नियमित कारवाही गरिने अन्यथा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशका २०७५ (चौथो संसोधन) को दफा ११ को उपदफा (३) बमोजिम उक्त दरखास्त उपर कारवाही गर्न नसकिने भनि जानकारी गराइएको पत्र तहाँबाट मिति २०८१/०५/२३ मा बुझेको देखिएपनि (दर्ता/चलानी किताबको प्रतिलिपि संलग्न रहेको) उल्लिखित ७ दिनको समयावधि (मिति २०८१/०५/३० आइतबार) भित्रै माग बमोजिमको थप धरौटी रकम र विवरणहरू पेश नभएको हुनाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशका २०७५ (चौथो संसोधन) को दफा ११ को उपदफा (३) विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रको लागि पेश भएको मिति २०८१/०१/३० (द.नं.६३४०) मा पेश भएको दरखास्त रद्द भएको व्यहोरा यस विभागको मिति २०८१/०५/३१ गतेको निर्णायानुसार जानकारी गराइन्छ।

(सुजन निरौला)
इन्जिनियर